Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

.............. शाखा

फोन नं ०६६-५२०२०४

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०८१/८२
च.नं

मिति: २०८१।०५।१७

सूचना ! सूचना !! सूचना !!!

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !

यस बेसीशहर नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले **चालु आ.व. २०८१।०८२** मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि **मिति २०८१ श्रावण १** गते देखि मिति **२०८१ भाद्र** मसान्त भित्र आ-आफ्नो स्थायी ठेगाना भएको वडा कार्यालयमा निम्नानुसार आवश्यक कागजपत्र सहित लाभग्राही आफैं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ । साथै उल्लेखित समयावधि भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नविकरण नगराएको खण्डमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु:**

- सक्कल सामाजिक सुरक्षा भत्ता परिचयपत्र कार्ड ।
- लाभग्राहीको पासपोट साइजको २ प्रति फोटो ।
- नागरिकता प्रमाणपत्रको फोटोकपी ।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी ।
- अपाङ्गता भएको व्यक्तिको हकमा स्थानीय तहबाट जारी गरेको अपाङ्गता परिचयपत्रको फोटोकपी ।
- विधवा तथा एकल महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको फोटोकपी र अर्को विवाह नगरेको प्रमाणपत्रको फोटोकपी ।

**नोट:** बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने, अशक्त असहाय भएका तथा ९० वर्ष माथीका जेष्ठ नागरिकहरुका हकमा निजका आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई नविकरण गराउन सकिने छ ।

...........................
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner